MILLENNIUM CHALLENGE ACCOUNT NEPAL
DEVELOPMENT BOARD (MCA-Nepal)

# प्रेस विज्ञप्ति

## नुवाकोट, बेलकोटगढी-७ रातमाटे सब-स्टेसनमा गरिएको जग्गा अधिग्रहणको स्वामित्व र सञ्चार माध्यममा आएका समाचारसम्बन्धमा

काठमाडौँ, २०७८ साउन ३१ गते ।

नेपाल सरकारको लगानी र मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) को अनुदान सहयोगमा एमसिए-नेपाल विकास समितिले नुवाकोटको बेलकोटगढी नगरपालिका-७ स्थित रातमाटेमा निर्माण गर्न लागेको रातमाटे विद्युत् सब-स्टेसनका लागि अधिग्रहण गरिएको जग्गाका सम्बन्धमा केही सञ्चार माध्यममा आएका समाचारप्रति एमसिए-नेपाल विकास समितिको ध्यानाकर्षण भएको छ ।

उक्त विद्युत् सब-स्टेसनका लागि आवश्यक ३९८ रोपनी जग्गा अधिग्रहण नेपालको जग्गा प्राप्ति ऐन, २०३४ अनुसार गरिएको हो । भविष्यमा नेपाल विद्युत् प्राधिकरणले बनाउने सब-स्टेसन पनि रहने गरी उक्त परिमाणको जग्गा अधिग्रहण गरिएको हो ।

यसक्रममा त्यहाँका १०२ घरपरिवारका १९५ कित्ता जग्गा अधिग्रहणमा परेका थिए । ती जग्गा एवम् ती जग्गामा रहेका संरचनाको अधिग्रहणबापत मुआब्जा रकम नेपालको विद्यमान कानुन र अन्तरराष्ट्रिय वातावरणीय निर्देशिका एवम् मापदण्ड अनुसार भुक्तानी गरिएको थियो ।

उक्त सब-स्टेसन निर्माणसम्बन्धी सम्पूर्ण कार्य सञ्चालन नेपाल सरकारले गठन गरेको एमसिए-नेपाल विकास समितिले गर्दछ । नेपालको विकास समिति ऐन, २०१३ ले दिएको अधिकार अनुसार आयोजनाका लागि आवश्यक सम्पूर्ण चल अचल सम्पत्ति एमसिए-नेपाल विकास समितिले खरिद गर्छ र ती सम्पत्ति एमसिए-नेपालको नाममा मात्र दर्ता हुन्छन् । यस अनुदान अन्तर्गत खरिद गरिने कुनै पनि चल वा अचल सम्पत्ति दातृ निकाय एमसीसीको नाममा नरहने र सम्झौता अनुरूप राख्न नमिल्ने जानकारी पनि दिन चाहन्छौँ ।

अधिग्रहण गरिएका जग्गा हाल नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गतको एमसिए-नेपाल विकास समितिको नाममा रही निर्माण सम्पन्न भएपछि उक्त विकास समिति विघटन गरिएपश्चात् उक्त सब-स्टेशन, त्यहाँ निर्माण गरिएका अन्य संरचना र जग्गाको पूर्ण स्वामित्व नेपाल सरकारको निर्णय बमोजिम नेपाल विद्युत् प्राधिकरण वा नेपाल सरकारले तोकेको सरकारी निकायलाई हस्तान्तरण गरिनेछ ।

यसबारे कुनै तथ्यहीन तथा भ्रामक समाचारको भर नपर्न अनुरोध गर्नुका साथै सही र अद्यावधिक जानकारीका लागि एमसिए-नेपाल विकास समितिको आधिकारिक वेबसाइट www.mcanp.org हेर्नुहुन अनुरोध गर्दछौँ ।

***थप जानकारीका लागि :***

*एमसिए-नेपालसम्बन्धी थप जानकारी www.mcanp.org मा उपलब्ध छ । साथै एमसिए-नेपालको ट्विटर (@MCA_Nepal) र फेसबूक पेज (https://www.facebook.com/MCANPL/) मा पनि अद्यावधिक आधिकारिक जानकारी उपलब्ध छ । अन्य जानकारी info@mcanp.org मा ई-मेल पठाई वा +९७७-१-४२३८३५३/४२३८३९२ मा फोन गरेर प्राप्त गर्न सकिन्छ ।*